*"राष्ट्रिय समृद्धि र सुशासन साझा अभियान,*
*पेशागत हकहित र क्षमता अभिवृद्धि हाम्रो अडान"*

## नेपाल अडिटर्स एशोसिएसन (अडान)

# विधान

नेपाल अडिटर्स एशोसिएसनको विधान, २०६३ (छैटौं संशोधन २०७९ समेत)


**नेपाल अडिटर्स एशोसिएसन**

केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोनः ०१ ४४८७८८३

# नेपाल अडिटर्स एशोसिएसनको विधान, २०६३

**प्रस्तावनाः**

मुलुकको आर्थिक विकासमा लेखा तथा लेखापरीक्षणको महत्त्वलाई प्रचार-प्रसार गरि लेखा व्यवसायमा संलग्न लेखापरीक्षकहरूको पेशागत दक्षतामा अभिवृद्धि एवं व्यवसायिकताको विकास तथा हक–हितको संरक्षण र संवर्द्धन गर्ने साथै लेखापरीक्षक तथा लेखा व्यवसायीहरूबीच आपसी एकता, सद्भाव र समझदारी कायम गर्दै लेखापरीक्षकहरूलाई आफ्नो पेशाप्रति उत्तरदायी, अनुशासित एवं कर्तव्यनिष्ठ बनाउन लेखापरीक्षकहरूको राष्ट्रिय स्तरको संगठन स्थापना गर्न वाञ्छनीय भएकोले नेपाल अडिटर्स एशोसिएसनको यो विधान तयार गरि लागु गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भः

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस विधानको नामः "नेपाल अडिटर्स एशोसिएसनको विधान–२०६३" रहने छ ।

२. यो बिधान तुरून्त लागु हुनेछ । तर कुनै दफा तथा उपदफामा संसोधन गर्नुपर्ने भएमा राष्ट्रिय महाधिवेशनबाट पारित भएको मितिबाट लागु हुनेछ ।

## परिच्छेद–२
## परिभाषाः

**२. परिभाषा :**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "अडिटर्स" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट सदस्यता प्राप्त रजिष्टर्ड अडिटर र चार्टर्ड एकाउन्टेन्ट दुवैलाई सम्झनु पर्दछ ।

(ख) "एकाउन्टिङ्ग टेक्निसिएन" भन्नाले प्रचलित कानून बमोजिम एकाउन्टिङ्ग टेक्निसिएन शिक्षा हासिल गरि प्रमाण पत्र पाएका एकाउन्टिङ्ग टेक्निसिएनलाई सम्झनु पर्दछ ।

(ग) "एशोसिएसन" वा "संस्था" भन्नाले यसै विधानको दफा १ बमोजिम स्थापना

भएको नेपाल अडिटर्स एशोसिएसन र सम्पूर्ण संगठनात्मक संरचना समेतलाई सम्झनु पर्दछ । [१]

(घ) "विधान" भन्नाले नेपाल अडिटर्स एशोसिएसनको विधान-२०६३ लाई सम्झनु पर्दछ ।

(ङ) "परिषद्" भन्नाले दफा १५ बमोजिमको संगठनात्मक ढाँचाको अनुसूची (१) मा उल्लेखित राष्ट्रिय परिषद् र प्रदेश परिषद्लाई सम्झनु पर्दछ । [२]

(च) "कार्यसमिति" भन्नाले दफा १५ बमोजिमको संगठनात्मक ढाँचाको अनुसूची (१) मा उल्लेखित जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिलाई सम्झनु पर्दछ ।

(छ) "प्रदेश परिषद्" भन्नाले यस विधानको दफा १६ (२ख) बमोजिम गठन भएको परिषद्लाई सम्झनु पर्दछ ।

(ज) "राष्ट्रिय परिषद्" भन्नाले यस विधानको दफा १६ (३ख) बमोजिम गठन भएको परिषद्लाई सम्झनु पर्दछ ।

(झ) "जिल्ला कार्यसमिति" भन्नाले यस विधानको दफा १७ (१क) बमोजिम गठन भएको कार्यसमितिलाई सम्झनु पर्दछ ।

(ञ) "प्रदेश कार्यसमिति" भन्नाले यस विधानको दफा १७ (२क) र १७ (२ख) बमोजिम गठन भएको कार्यसमितिलाई सम्झनु पर्दछ ।

(ट) "केन्द्रीय कार्यसमिति" भन्नाले यस विधानको दफा १७ (३क) बमोजिम गठन भएको कार्यसमितिलाई सम्झनु पर्दछ ।

(ठ) "सदस्य" भन्नाले यस विधानको दफा १० (१) बमोजिम साधारण, आजीवन र मानार्थ सदस्यलाई सम्झनु पर्दछ ।

(ड) "पदाधिकारी तथा सदस्य" भन्नाले यस संस्थाको केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिमा विधानको दफा १७ को उपदफ १, २(क) र ३ बमोजिम अध्यक्ष देखि सह-कोषाध्यक्ष पदमा निर्वाचित भएका सदस्यहरूलाइ कार्यसमितिका पदाधिकारी र सो बाहेक निर्वाचित तथा मनोनित सदस्यहरूलाई कार्यसमितिका "सदस्य" सम्झनु पर्दछ । [३]

(ढ) "वैठक" भन्नाले यस विधानको दफा १७ का सवै कार्यसमिति तथा सो कार्यसमितिहरूद्वारा गठित उपसमितिको वैठक समेतलाई सम्झनु पर्दछ ।

---

१ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
२ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
३ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

(ण) "महाधिवेशन वा अधिवेशन" भन्नाले यस विधानको दफा १६ वमोजिम आव्हान गरिने जिल्ला, प्रदेशका सवै तहका अधिवेशन र राष्ट्रिय तहको हकमा महाधिवेशनलाई सम्झनु पर्दछ ।

(त) "लेखा" भन्नाले आर्थिक कारोवार भएको बेहोरा देखिने गरि दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा राखिएको वित्तीय विवरणको अभिलेख, बहिखाता र त्यसलाई प्रमाणित गर्ने अन्य कागजात बिल, भरपाई, फाँटवारी, आय–व्यय विवरण, वासलात, हिसाव परीक्षण सूची, नगद प्रवाह विवरण लगायत अद्यावधिक विवरणहरूसंग सम्बन्धित कागजात समेतलाई सम्झनु पर्दछ ।

(थ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि आषाढ मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ ।

(द) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधानमा तोकिएको वा यस विधान वमोजिम वन्ने नियम विनियममा तोकिए बमोजिमलाई सम्झनु पर्दछ ।

(ध) "सचिवालय" भन्नाले यस विधानको दफा १७ (३ग) वमोजिम गठित सचिवालय सम्झनु पर्दछ ।

(न) "विभाग भन्नाले" यस विधानको दफा १७ (३घ) वमोजिम गठित विभागहरूलाई सम्झनु पर्दछ ।

## परिच्छेद–३
## स्थापना

**३. एशोसिएसनको स्थापनाः**

१ यस विधानको प्रस्तावनाको भावना र उद्देश्य पुरा गर्नका लागि "नेपाल अडिटर्स एशोसिएसन" नामको एक राष्ट्रिय स्तरको एशोसिएसनको स्थापना गरिएको छ र यसलाई छोटकरीमा "अडान" भनिनेछ ।

२ अंग्रेजीमा यसलाई "Auditors' Association of Nepal" र छोटकरीमा "AUDAN" भनिनेछ ।

**४ कार्यालयः**

(१) एशोसिएसनको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १०, काठमाडौंमा रहनेछ [३(क)] र प्रदेश तथा जिल्ला समितिको कार्यालय सम्बन्धित प्रदेश र जिल्लामा तोकिएको स्थानमा स्थापना गरिनेछ ।

---

३(क) : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

**५ स्वशासित र संगठित एशोसिएसनः**

(१) यस विधान बमोजिम स्थापित यो एशोसिएसन अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित एंव मुनाफा रहित संस्था हुनेछ । यसले आफ्नो नामबाट व्यक्ति सरह चल–अचल सम्पति प्राप्त गर्न, बेचबिखन गर्न, उपभोग गर्न र नालिस उजूर गर्न तथा यस उपर नालिस उजूर लाग्न सक्नेछ ।

**६. पद तथा पदावधिः**

एशोसएसनको केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, तृतीय उपाध्यक्ष [४], उपाध्यक्षहरू, महासचिव, उप–महासचिवहरू, सचिवहरू, कोषाध्यक्ष र सह–कोषाध्यक्ष सहित तोकिएको संख्यामा सदस्यहरू रहने छन् । यसै गरि प्रदेश तथा जिल्ला कार्यसमितिका पदाधिकारीहरूमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव कोषाध्यक्ष, सह कोषाध्यक्ष सहित तोकिएको संख्यामा सदस्यहरू रहने छन् । सबै तहका पदाधिकारीहरू, परिषद्हरू र कार्यसमितिहरूको पदावधि ३ (तीन) वर्षको रहनेछ ।

**७. प्रतिक चिन्ह र छापः**

(१) अनुसूची (२) मा तोकिए बमोजिम यस एशोसिएसनको आफ्नो छुट्टै प्रतिक चिन्ह र छाप हुनेछ ।

## परिच्छेद–४
## उद्देश्य

**८(क). उद्देश्यः एशोसिएसनको उद्देश्य देहाय बमोजिम हुनेछ**ः

(१) मुलुकको आर्थिक विकासमा लेखा तथा लेखापरीक्षणको महत्त्व प्रचार प्रसार गरि यसका सदस्यहरूलाई निष्पक्ष एवं स्वतन्त्र रूपले लेखापरीक्षण गर्न उत्प्रेरित गर्ने ।

(२) सदस्यहरूबीच सामाजिक उत्तरदायित्व बोध गराई सामाजिक मान्यता र विश्वासमा अभिबृद्धि गर्ने ।

(३) सदस्यहरूको हक हितको संरक्षण र संबर्द्धनका लागि प्रयत्नशील हुने ।

(४) सदस्यहरूको सीप र क्षमताको विकास गरि पेशागत दक्षता र व्यवसायिकताको बिकास तथा प्रविधि हस्तान्तरणका लागि बिभिन्न र चनात्मक कार्यक्रम तथा तालिम संचालन गर्ने, गराउने ।

---

४ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

(५) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूसंग समन्वय गरि सदस्यहरूको योग्यता तथा लेखापरीक्षण प्रणालीलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता र प्रचलन अनुरूप विकशित गर्ने ।

(६) एकाउन्टिङ्ग टेक्निसिएन शिक्षालाई सुचारू र सुव्यवस्थित रूपले संचालन र सम्बर्द्धन गर्ने नेपाल सरकार र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासंग पहल गरि सहकार्य गर्ने ।

(७) सदस्यहरूबीच सहकारी संस्था सञ्चालन गर्ने ।

(८) नेपाल सरकारद्वारा स्थापित प्राविधिक शिक्षा वा तालिम प्रदान गर्ने निकाय वा संस्थाहरूसंग सम्वन्धन वा स्वीकृती लिई लेखा (Accounting) सम्बन्धि ब्यवहारिक विषयको छोटो तथा लामो अवधिको तालिम सञ्चालन गर्ने । [४ (क)]

**८(ख) यस संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरू :**

(१) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरि मात्र आफ्ना उद्देश्यहरू कार्यन्वयन गर्नेछ ।

(२) संस्थालाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरीद गर्न वा भाडामा लिई प्रयोग गर्न र खरीद गरेका उक्त जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण विक्री गर्न पनि सक्नेछ ।

(३) संस्थालाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाहरूवाट धितो राखी वा नराखी कर्जा लिन सक्नेछ ।

(४) संस्थाले आफ्नो उद्धेश्य पुरा गर्ने सिलसिलामा नेपाल सरकारका निकायहरूसंग समन्वय र सहकार्य गरी लेखा तथा लेखापरीक्षण सम्बन्धि तालिम, गोष्ठी, सेमिनार, एवं अनुसन्धान तथा परामर्श सम्बन्धि क्रियाकलापहरू संचालन गर्नेछ । [५]

---

४(क) : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

५ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

## परिच्छेद–५
## सदस्यता

**९. सदस्यताका लागि योग्यताः** (१) यस एशोसिएसनको सदस्यता प्राप्त गर्न देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

(क) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को धारा (१६) बमोजिम सदस्यता प्राप्त अडिटर्स ।

(ख) एकाउन्टिङ्ग टेक्निसिएन ।

तर मानार्थ सदस्यका लागि उपरोक्त योग्यता अनिवार्य हुने छैन ।

**१०. सदस्यको प्रकारः**

(१) यस एशोसिएसनमा देहाय बमोजिमका सदस्यहरू रहने छनः–

(क) साधारण सदस्य

(ख) आजीवन सदस्य

(ग) मानार्थ सदस्य

**(क) साधारण सदस्यः**

(१) धारा ९ बमोजिम योग्यता भई तोकिए बमोजिम साधारण सदस्यता लिएका लेखापरीक्षक वा एकाउन्टिङ्ग टेक्निसिएनहरूलाई साधारण सदस्य भनिनेछ ।

**(ख) आजीवन सदस्यः**

(१) धारा ९ बमोजिम योग्यता भई तोकिए बमोजिम आजीवन सदस्यता लिएका लेखापरीक्षक वा एकाउन्टिङ्ग टेक्निसियनहरूलाई आजीवन सदस्य भनिनेछ ।

**(ग) मानार्थ सदस्यः**

लेखापरीक्षण वा लेखा व्यवसायको प्रवर्द्धन एवं विकासमा विशिष्ट योगदान पुऱ्याएका वा यस एशोसिएसनलाई सहयोग गर्ने तोकिए बमोजिमका व्यक्तिलाई मानार्थ सदस्य दिई सम्मानित गर्न सकिनेछ र यसरी सम्मानित हुने व्यक्तिलाई मानार्थ सदस्य भनिनेछ । यस विधानमा अन्यत्र जेसुकै लेखिएको भएतापनि मानार्थ सदस्यले उम्मेद्वार हुन, मतदानमा भाग लिन र निर्णय प्रक्रियामा सहभागि हुन पाउने छैन ।

**११. सदस्यता प्राप्त गर्ने विधिः**

(क) यस एशोसिएसनको सदस्यता लिन चाहनेले अनुसूची (३) मा तोकिएको ढाँचामा साधारण वा आजीवन खुलाई निवेदन दिनु पर्नेछ ।

(ख) उल्लेखित प्रक्रिया पुरा गरि प्राप्त हुन आएको निवेदनहरूलाई कार्यसमितिले आवश्यक छानविन गरि सदस्यता प्रदान गर्ने निर्णय गरि सो को जानकारी सम्बन्धित सदस्यलाई दिनु पर्नेछ ।

(ग) सदस्यता प्राप्त गर्नका लागि एशोसिएसनको जुनसुकै कार्यसमिति मार्फत निवेदन दिई सदस्यता लिन सकिनेछ तर उम्मेद्वार हुन र मतदान गर्न कार्यरत रहेको जिल्लाबाट मात्र पाइनेछ ।

**१२. सदस्यता कायम नरहनेः**

(१) देहायको अवस्थामा एशोसिएसनको सदस्यता कायम रहने छैनः

(क) साधारण सदस्यता नवीकरण नगराएमा,

(ख) मृत्यु भएमा,

(ग) स्वेच्छाले सदस्यता त्याग गरेमा,

(घ) एशोसिएसनको हित एवं आचरण विपरित कार्य गरेको प्रमाणित भएमा,

(ङ) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता नरहेमा ।

(च) प्रचलित कानूनले अयोग्य ठहरिएमा,

(छ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरिएमा,

(ज) अदालतबाट फौजदारी अभियोगमा कसुर प्रमाणित भएमा,

(झ यस संस्थाका कुनै पनि सदस्यहरूले कुनै पनि वित्तीय संस्थाहरूबाट लिएको ऋण तिर्न नसकी टाट पल्टेमा वा साहुको दामासाहीमा परेमा,

(ञ) संस्थाको उद्देश्य र हित विपरित कार्य गरेको ठहऱ्याई कुनै पदाधिकारी वा सदस्यलाई सचिवालयको सिफारिसमा केन्द्रीय कार्यसमितिले निष्कासित गरेमा,

(ट) यस संस्थालाई बुझाउनु पर्ने शुल्क तथा दस्तुर नबुझाएमा ।

(ठ) मानसिक सन्तुलन गुमाएमा ।[६]

---

६ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

(२) कुनै पनि सदस्यलाई यस संस्थाको विधानको दफा १२ (१) मा भएको व्यवस्था अनुसार वहाल रहन अयोग्य ठहराउनु भन्दा पहिले निजलाई सो कुराको सूचना दिई सफाई लिनको लागि सवुद प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ । [७]

**१३. सदस्यता प्रमाण–पत्र र परिचय–पत्रः**

(१) सदस्यता प्रमाणपत्र अनुसूची (४) मा र परिचयपत्र अनुसूची (५) मा तोकिए बमोजिम हुनेछ ।

**१४. सदस्यता शुल्क एवं नवीकरणः**

(१) दफा ७ अनुसार सदस्यता प्राप्त गर्न योग्य भएका व्यक्तिले साधारण सदस्यताका लागि रू ५००/– र आजीवन सदस्यका लागि रू ५,०००/- तिरी आजीवन सदस्यता लिन सकिनेछ । साधारण सदस्यता प्रत्येक वर्ष रू ५००/– र तीन बर्षको एकैपल्ट रू १,२००/– तिरी नवीकरण गर्न सकिनेछ सदस्यता नवीकरण प्रमाणपत्र अनुसूचि (६) मा तोकिए बमोजिम हुनेछ ।

(२) आजीवन सदस्यता वापत लिईएको रू. ५०००/- केन्द्रीय कार्यसमितिको कोषमा रहने भएकोले पुरै रकम केन्द्रमा पठाउनु पर्ने र साधारण सदस्यको सदस्यता रकमको २५ प्रतिशत जिल्ला र २५ प्रतिशत प्रदेशलाई छुट्याई बांकी ५० प्रतिशत रकम केन्द्रमा पठाउनु पर्नेछ ।

## परिच्छेद–६
## संरचनात्मक ढाँचा

**१५. एशोसिएसनको संरचनात्मक ढाँचाः**

(१) यस संस्थाको संगठनात्मक संरचना अनुसूची (१) मा तोकिए बमोजिम राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रीय कार्यसमिति, केन्द्रीय सचिवालय, प्रदेश अधिवेशन, प्रदेश परिषद्, प्रदेश सचिवालय, प्रदेश कार्यसमिति, जिल्ला अधिवेशन, जिल्ला कार्यसमितिहरू रहनेछन् ।

यस दफा प्रयोजनको लागि प्रदेश र जिल्ला भन्नाले देशको भौगोलिक बिभाजन अनुसारको जिल्ला र प्रदेशहरूलाई बुझाउँदछ । काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाहरूलाई समेटी एक छुट्टै उपत्यका प्रदेश कार्यसमिति रहनेछ । [९]

---

७ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
८ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
९ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

## १६. गठन विधि

१ (क) जिल्ला अधिवेशन :– जिल्ला भरिका सबै साधारण तथा आजीवन सदस्य रहेको जिल्ला अधिवेशन हुनेछ ।

२. (क) प्रदेश अधिवेशनः– प्रदेश कार्यसमितिका पदाधिकारीहरू तथा सदस्यहरू, जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, माथिको उल्लेखित संख्याबाट ५ प्रतिशत नबढ्ने गरि प्रदेश कार्यसमितिले मनोनित गरेका सदस्यहरू जिल्लाका निवर्तमान अध्यक्ष र प्रत्येक जिल्लाहरूले आ–आफ्नो मातहतमा रहेका जम्मा आजीवन सदस्य संख्याको ५ प्रतिशत वा ५ जनामा जुन कम हुन्छ सोही अनुसारको संख्या मनोनित गरि पठाएका सदस्यहरू रहेको प्रदेश अधिवेशन हुनेछ । [१०]

(ख) प्रदेश परिषद्ः– प्रदेश परिषद्मा जिल्ला कार्यसमितिका पदाधिकारीहरू तथा सदस्यहरू प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, माथिको उल्लेखित संख्याबाट ५ प्रतिशत नबढ्ने गरि प्रदेश कार्यसमितिले मनोनित गरेका सदस्यहरू र प्रत्येक जिल्लाहरूले आ–आफ्नो मातहतमा रहेका जम्मा आजीवन सदस्य संख्याको ५ प्रतिशत वा ५ जनामा जुन कम हुन्छ सोही अनुसारको संख्या मनोनित गरि पठाएका सदस्यहरू रहेको प्रदेश परिषद् हुनेछ । [११]

३ **(क) राष्ट्रिय महाधिवेशनः–** तत्काल वाहल रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, सल्लाहकार समिति, बिशेषज्ञ समिति, अनुशासन समिति र लेखापरीक्षण समितिका संयोजकहरू, सह–संयोजकहरू, सचिबहरू र सदस्यहरू, प्रदेश कार्यसमितिका निवर्तमान अध्यक्षहरू र तत्काल निर्वाचित अध्यक्षदेखि सचिवहरू सम्म, जिल्ला कार्यसमितिका तत्काल निर्वाचित अध्यक्षहरू, आजीवन सदस्यहरू मध्येबाट ५ वरावर १ ले निर्वाचित प्रतिनिधि, साधारण सदस्यहरू मध्येवाट १० वरावर १ जनाले निर्वाचित प्रतिनिधिहरू, महिला सदस्यहरू सवै र केन्द्रीय कार्यसमितिद्धारा मनोनित १० प्रतिशतले हुने प्रतिनिधि रहेको राष्ट्रिय महाधिवेशन हुनेछ । राष्ट्रिय महाधिवेशन संस्थाको सर्वोच्च निकाय हुनेछ । [१२]

**(ख) राष्ट्रिय परिषद्ः–** केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, सल्लाहकार समिति, बिशेषज्ञ समिति, अनुशासन समिति र लेखापरीक्षण समितिका संयोजकहरू, सह–संयोजकहरू, सचिव र सदस्यहरू, प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिका निबर्तमान अध्यक्षहरू, जिल्ला

---

१० : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
११ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
१२ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

कार्यसमिति र प्रदेश कार्यसमितिका बर्तमान अध्यक्ष देखि सचिवहरू सम्म र केन्द्रीय कार्यसमितिले आजीवन सदस्यहरू मध्येबाट माथिको संख्याको १० प्रतिशत सम्म मनोनित गरेका सदस्यहरू सहितको राष्ट्रिय परिषद् हुनेछ । [१३]

**१७. समितिको गठन विधिः-**

एशोसिएसनको केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिहरूको गठन विधि देहाय बमोजिम हुनेछ ।

**(१) जिल्ला कार्यसमिति**

(क) जिल्ला भित्र रहेका सम्पूर्ण साधारण तथा आजीवन सदस्यहरू रहेको जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट जिल्ला अधिवेशनले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष सहित बढीमा १५ जनासम्म पदाधिकारीहरू रहेको एक जिल्ला कार्यसमिति गठन गर्न सकिनेछ । तर कुनै जिल्लामा ३ जनासम्म सदस्यहरू पनि नभएमा भौगोलिक अवस्थालाई ध्यानमा राखी केन्द्रीय कार्यसमितिले नजिकको पायक पर्ने जिल्लामा समाहित गरि जिल्ला कार्यसमिति गठन गर्ने आदेश दिन सक्नेछ । साथै केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा कुनै पनि वडा र पालिका स्तरमा सम्पर्क कार्यसमिति गठन गर्न आदेश दिन सक्नेछ । [१४]

**(२) प्रदेश कार्यसमिति**

(क) सके सम्म प्रदेशका सबै भूगोल (जिल्लाहरू) समेटिने गरि प्रदेश अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-३, सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१, सह-कोषाध्यक्ष-१ सहित तोकिएको सदस्य संख्याको आधारमा प्रदेश अधिवेशनका प्रतिनिधिहरू मध्येबाट २३ देखि बढीमा २५ जना सम्मको पदाधिकारी एवं सदस्य रहेको एक प्रदेश कार्यसमिति गठन हुनेछ ।

*स्पष्टिकरणः प्रदेश कार्यसमितिमा १ जना भन्दा बढी उपाध्यक्ष बनाउँदा सदस्य संख्या र प्रदेशको भौगोलिकतालाई आधार मानि गर्नुपर्नेछ ।* [१५]

(ख) उपत्यकाको हकमा काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लालाई समेटी ३ (तीन) वटै जिल्ला कार्यसमितिका अध्यक्षहरू पदेन सदस्य रहने गरि उपत्यका प्रदेश कार्यसमितिको गठन गरिनेछ । यी पदेन सदस्यहरूले मतदानमा भाग लिन र निर्णय प्रकृयामा सहभागी हुन पाउने छैनन् । उक्त उपत्यका कार्यसमिति अन्य प्रदेश कार्यसमिति सरह हुनेछ । [१६]

---

१३ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
१४ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
१५ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
१६ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

(ग) प्रदेश कार्यसमितिको पदाधिकारी वन्न कम्तीमा एक कार्यकाल जिल्ला कार्यसमितिको पदाधिकारी भएको हुनु पर्नेछ । तर प्रदेश कार्यसमितिले मनोनित गर्न यो व्यवस्था आवश्यक पर्ने छैन ।

**(३) केन्द्रीय कार्यसमिति**

(क) राष्ट्रिय महाधिवेशनले केन्द्रीय प्रतिनिधिहरूवाट अध्यक्ष १, बरिष्ठ उपाध्यक्ष १, प्रथम उपाध्यक्ष १, द्वितीय उपाध्यक्ष १, तृतीय उपाध्यक्ष १, महिला उपाध्यक्ष १ सहित उपाध्यक्ष ९, महासचिव १, उप-महासचिव ७, महिला सचिव १ सहित ९, कोषाध्यक्ष १, सह-कोषाध्यक्ष १, बिभिन्न क्लस्टरबाट निर्वाचित सदस्य ४८ केन्द्रीय कार्यसमितिबाट मनोनित गरिएका सदस्यहरू समेत गरि ९५ सदस्यीय केन्द्रीय कार्यसमितिको गठन गरिनेछ । [१७]

*स्पष्टिकरण (क): केन्द्रीय उपाध्यक्ष र सचिवको हकमा प्रत्येक प्रदेशबाट १/१, उपत्यका प्रदेश र महिलाबाट थप १/१ पद कायम गरिनेछ ।* [१८]

*स्पष्टिकरण (ख) : केन्द्रीय कार्यसमितिको अध्यक्ष बन्न केन्द्रीय कार्यसमितिको वरिष्ठ उपाध्यक्ष देखि केन्द्रीय सह-कोषाध्यक्ष सम्मको पदमा रही एक कार्यकाल कार्य गरेको, केन्द्रीय कार्यसमितिको वरिष्ठ उपाध्यक्ष देखि सह-कोषाध्यक्ष बन्न कम्तीमा केन्द्रीय कार्यसमितिको केन्द्रीय सदस्य वा आईक्यान पार्षदमा एक कार्यकाल कार्य गरेको र केन्द्रीय कार्यसमितिको सदस्य बन्न प्रदेश कार्यसमितिको पदाधिकारी, जिल्ला कार्यसमितिको अध्यक्ष पदमा रही एक कार्यकाल कार्य गरेको अनुभव भएको हुनु पर्नेछ तर केन्द्रीय कार्यसमितिले केन्द्रीय सदस्यमा मनोनित गर्न यो ब्यबस्थाले वाधा पुऱ्याउने छैन र केन्द्रीय अध्यक्ष पदमा २ कार्यकाल भन्दा बढी रहन वा उमेदवार बन्न पाउने छैन ।* [१९]

(ग) कार्यसमितिको नियमित कार्य सम्पादनको लागि केन्द्रमा केन्द्रीय पदाधिकारी तथा सदस्यहरू मध्येबाट कुल संख्याको एक तीहाई नबढ्ने गरि केन्द्रीय सचिवालय रहनेछ । यसै गरि प्रदेश अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र बढीमा ३ जना सदस्य थप गरि ११ सदस्यीय सम्म रहेको प्रादेशिक सचिवालय रहनेछ । केन्द्रीय कार्यसमितिको बैठक र प्रदेश कार्यसमितिको बैठक नबसेको समयमा सम्बन्धित कार्यसमितिको सचिवालयले उक्त कार्यसमितिले गर्ने सम्पुर्ण कार्य गर्नेछ । तर उक्त कार्यसमितिले गरेका निर्णयहरू तत्पश्चात बस्ने सम्बन्धित कार्यसमितिहरूबाट अनुमोदन गराउनु पर्नेछ । [२०]

---

१७ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
१८ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
१९ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
२० : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

(घ) केन्द्रीय कार्यसमितिले संगठन, पेशागत दक्षता अभिबृद्धि, आईक्यान समन्वय, प्रचार प्रसार, सि.पि.ई. संचालन, इन्फरमेशन टेक्नोलोजी, आर्थिक, महिला, सहकारी, बैदेशिक सम्बन्ध लगायत आवश्यक्ता अनुसार बिभिन्न विभागहरू गठन गर्न सक्नेछ । विभाग संयोजक, सह संयोजक र आवश्यकता अनुसार सचिवालयले तोकेका सदस्यहरू रहनेछन् । त्यसै गरि प्रदेश कार्यसमितिले केन्द्रीय सचिवालयको स्विकृत लिई संयोजक, सह–संयोजक, सदस्यहरू गरि बढीमा ७ जना सम्मको विभाग गठन गर्न सक्नेछ । विभागको काम, कर्तब्य र अधिकारहरू सम्बन्धित कार्यसमितिले तोके बमोजिम हुनेछ । [२१]

## परिच्छेद ७
## वैठक, परिषद् तथा अधिवेशन

### १८) वैठक, परिषद् तथा अधिवेशनः

(१) एशोसिएसनको वैठक, परिषद् र अधिवेशन देहायबमोजिम हुनेछन्ः

(क) केन्द्रीय कार्यसमितिको वैठक कम्तीमा प्रत्येक ६ महिनामा एकपटक, प्रदेश तथा जिल्ला कार्यसमितिको बैठक कम्तीमा ३ महिनामा एकपटक कार्यसमितिले तोकेको ठाँउमा बस्नेछ । केन्द्रीय कार्यसमितिको बैठक आह्वान गर्दा बैठक हुने स्थान, मिति, समय र छलफल हुने बिषय उल्लेख गरि सामान्यतः २१ दिन अगावै सवै सदस्यहरूलाई पत्रपत्रिका वा प्रचलित उपयुक्त संचार माध्यमबाट सूचना गर्नुपर्नेछ । सचिवालय गठन नहुन्जेल सम्मको अवस्थामा अध्यक्षसंग परामर्श गरि महासचिवले ७ दिन अग्रिम सूचना नव निर्वाचित पदाधिकारीहरूको बैठक बोलाउन सक्नेछ । सचिवालयले आवश्यक ठानेमा जुनसुकै बेला पनि बैठक बस्नेछ । [२२]

(ख) प्रदेश र राष्ट्रिय परिषद्को वैठक दुई अधिवेशनको बीचमा १८ महिनामा नवढाई वस्नेछ ।

(ग) जिल्ला र प्रदेशको अधिवेशन तथा राष्ट्रिय महाधिवेशन प्रत्येक तेश्रो वर्षमा आयोजना गरिनेछ । जिल्ला र प्रदेशको अधिवेशन र राष्ट्रिय महाधिवेशनका २५ प्रतिशत सदस्यहरूले विशेष अधिवेशन माग गरेमा सम्बन्धित कार्यसमितिले तीन महिना भित्र विशेष अधिवेशन बोलाउनु पर्नेछ ।

(घ) प्रदेश तथा जिल्ला कार्यसमितिहरूको बैठक आह्वान गर्दा बैठक हुने स्थान, मिति, समय र छलफल हुने विषय उल्लेख गरि सामान्यतः ७ दिन अगावै

---

२१ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
२२ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

सबै सदस्यहरूलाई पत्रपत्रिका वा प्रचलित उपयुक्त संञ्चार माध्यमवाट सूचना गर्नुपर्नेछ । बिशेष परिस्थिती परि बैठक बोलाउनु परेमा सम्बन्धित कार्यसमितिका सचिवले अध्यक्षसंग परामर्श गरि बैठक बोलाउन सक्नेछन ।

**१९. राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, अधिवेशन, प्रदेश परिषद्, आह्वान र सञ्चालनः**

(क) राष्ट्रिय महाधिवेशन आह्वान गर्दा वैठक हुने स्थान, मिति, समय र छलफल हुने विषय उल्लेख गरि सामान्यतः ६० दिन अगावै र राष्ट्रिय परिषद्को हकमा ३० दिन अगावै सबै सदस्यहरूलाई पत्र-पत्रिक वा प्रचलित उपयुक्त संञ्चार माध्यमबाट सूचना गर्नुपर्नेछ । तर सम्बन्धित कार्यसमितिले आवश्यक ठानेमा न्यूनतम १५ दिनको सूचना दिई अधिवेशनको आह्वान गर्न सकिनेछ । सञ्चालनको कार्यविधि सम्बन्धित कार्यसमितिले तोके बमोजिम हुनेछ ।

(ख) प्रदेश अधिवेशन वा परिषद्को वैठक हुने स्थान, मिति, समय र छलफल हुने विषय उल्लेख गरि कम्तिमा ३० दिन अगावै र प्रचलित संञ्चार माध्यमबाट सूचना दिनु पर्नेछ । जिल्ला अधिवेशनको हकमा कम्तिमा १५ दिन अगावै र उपयुक्त माध्यमबाट सूचना दिनु पर्नेछ ।

**२०. गणपूरक संख्याः**

(१) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, अधिवेशन, प्रदेश परिषद्, वैठकको गणपूरक संख्या निर्वाचित प्रतिनिधि संख्याको पचास प्रतिशतभन्दा बढी हुनेछ । यदि पचास प्रतिशत सदस्य उपस्थित हुन नसकेमा सात दिनको म्याद राखी पुनः वैठक बोलाउनु पर्नेछ र यस वैठकमा पच्चीस प्रतिशत सदस्य उपस्थित भएमा त्यसलाई गणपूरक संख्या पुगेको मानिनेछ । तर दोस्रो पटक पनि गणपूरक संख्या नपुगेमा तीन दिनको म्याद दिई पुनः वैठक बोलाईनेछ र यस अवस्थामा जतिसुकै सदस्यहरूको उपस्थिति भए पनि त्यसलाई गणपूरक संख्या मानि वैठक बस्नेछ । तर विधान संशोधन र अविश्वासको प्रस्ताव माथि उपस्थित प्रतिनिधि संख्याको दुईतिहाई सदस्यले छलफल गरि पारित गर्नुपर्दछ ।

(२) जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिको वैठकको गणपूरक संख्या सम्बन्धित कार्यसमितिको सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्नेछ । पहिलोपटक गणपूरक संख्या नपुगी दोस्रो पटक बोलाइएको

वैठकमा पनि गणपूरक संख्या नपुगी तेश्रो पटक बोलाईएको वैठकमा २५ प्रतिशत सदस्यहरू उपस्थित भएमा त्यसलाई गणपूरक संख्या मानी वैठक बस्नेछ ।

**२१. वैठकको अध्यक्षताः**

(१) एशोसिएसनका सबै तहका कार्यसमितिका वैठक र अधिवेशनहरूको उद्घाटन सत्रको अध्यक्षता सम्बन्धित कार्यसमितिका अध्यक्ष, अध्यक्ष उपस्थित नभएमा केन्द्रीय तहको वरिष्ठ उपाध्यक्ष, दुवैको अनुपस्थितीमा प्रथम देखि तृतीय सम्मका उपाध्यक्षहरूले रोलक्रमका आधारमा [२३] र अन्य तहको हकमा उपाध्यक्षले, उपरोक्त सवैको अनुपस्थितिमा केन्द्रीय कार्यसमितिको हकमा उपाध्यक्ष मध्येवाट जेष्ठ उपाध्यक्ष र अन्यको हकमा सम्बन्धित कार्यसमितिले तोकेको सदस्यले गर्नेछ । वन्द सत्र सञ्चालन गर्न आवश्यकता अनुसार अध्यक्ष मण्डल गठन गर्न सकिनेछ ।

*स्पष्टिकरणः केन्द्रीय कार्यसमितिको वैठकमा एशोसिएसनको तर्फबाट विशेषज्ञ समिति, सल्लाहकार समिति, लेखापरीक्षण समिति, अनुशासन समितिका संयोजक र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) का पार्षद्लाई स्थायी आमन्त्रितको रूपमा बोलाईनेछ ।*

**२२. निर्णय प्रक्रियाः**

(१) एशोसिएसनको वैठकहरूमा पेश भएका कुनै पनि प्रस्ताव माथि उपस्थित पदाधिकारीहरू र सदस्यहरूवीच व्यापकरूपमा छलफल गरि सर्वसम्मतिको निर्णय प्रयास गरिनेछ । सर्वसम्मत हुन नसके वहुमतका आधारमा निर्णय गरिनेछ । एशोसिएसनका कुनै पनि निर्णयहरूमा सामान्यतया एशोसिएसनका सम्पूर्ण सदस्यहरूको विचारको प्रतिनिधित्व हुन सकोस् भन्ने प्रयत्न रहनेछ ।

## परिच्छेद ८

## राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, प्रदेश अधिवेशन, प्रदेश परिषद्, जिल्ला अधिवेशन, कार्यसमिति र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**२३.(क) राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकारः**

(१) केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको निर्वाचन गर्ने ।

---

२३ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

(२) एशोसिएसनको उद्देश्य परिपूर्तिका लागि केन्द्रीय कार्यसमितिबाट तयार गरि पेश गरिएको योजना, नीति, नियम, निर्देशन एवं बजेट तथा कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने ।
(३) कार्यसमितिको बार्षिक लेखापरीक्षण प्रतिवेदन सहितको, आर्थिक प्रतिवेदन, तथा सांगठनिक प्रतिवेदन उपर छलफल समिक्षा गरि पारित गर्ने ।
(४) एशोसिएसनको विधानको मूलभूत उद्देश्य र प्रस्तावनाको प्रतिकूल नहुने गरि विधान संशोधन गर्ने ।
(५) कार्यसमितिहरूले गरेको कामको मूल्यांकन अनुगमन गरि आवश्यक निर्देशन दिने ।
(६) एशोसिएसनको विधान विपरीत कार्य गर्ने सदस्य तथा पदाधिकारीहरूलाई कारवाही गर्ने ।
(७) एशोसिएसनको उद्देश्य प्राप्तिका लागि गरिने काम कारवाहीलाई व्यवस्थित एवं सरल बनाउन आवश्यकतानुसार उपसमितिहरू गठन गर्ने ।
(८) सीप,प्रविधि विकास तथा हस्तान्तरण र लेखा तथा लेखापरीक्षण शिक्षाको विकासका लागि आवश्यक कार्ययोजना बनाई संचालनको व्यवस्था गर्ने ।
(९) एशोसिएसनको सर्वोच्च अंगको हैसियतले अन्य आवश्यक काम कारवाही गर्ने ।

**(ख) राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार**

(१) केन्द्रीय कार्यसमितिका कामको मध्यावधी समीक्षा गर्ने ।
(२) एशोसिएसनका नीतिहरूको समीक्षा गरि भावी नीतिहरू सिफारिस गर्ने ।
(३) सदस्यमाथि भएका कारवाहिको छानविन गरि अनुमोदन वा वदर गर्ने ।
(४) केन्द्रीय कार्यसमितिका मनोनित पदाधिकारी वा सदस्यको मनोनयन अनुमोदन गर्ने ।
(५) पेशागत हक–हित तथा संघर्षका कार्यक्रम अनुमोदन गर्ने ।
(६) एशोसिएसनको विकासका लागि केन्द्रीय कार्यसमितिलाई आवश्यक नीति निर्देशन दिने ।
(७) कार्यसमितिको बार्षिक लेखापरीक्षण प्रतिवेदन सहितको, आर्थिक प्रतिवेदन तथा सांगठनिक प्रतिवेदन उपर छलफल समीक्षा गरि पारित गर्ने ।

**२४(क). प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(१) प्रदेश परिषद्, प्रदेश कार्यसमितिका पदाधिकारीहरू र सदस्यहरूको निर्वाचन गर्ने ।

(२) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद् र केन्द्रीय कार्यसमितिबाट पारित नीति, नियम र प्राप्त निर्देशन तथा निर्णय पालना गर्ने, गराउने ।

(३) प्रदेश कार्यसमितिको कामकारवाहीको लेखापरीक्षण प्रतिवेदन सहितको, आर्थिक प्रतिवेदन, तथा सांगठनीक प्रतिवेदन उपर छलफल समिक्षा गरि पारित गर्ने ।

(४) प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिहरूले गरेको कामको मूल्यांकन, अनुगमन गरि आवश्यक निर्देशन दिने ।

(५) एशोसिएसनको विधान विपरीत कार्य गर्ने सदस्य तथा पदाधिकारीहरूलाई कारवाहीका लागि केन्द्रीय कार्यसमितिमा सिफारिस गर्ने ।

(६) एशोसिएसनको उद्देश्य प्राप्तिका लागि गरिने कामकारवाहीलाई व्यवस्थित एवं सरल बनाउन आवश्यकतानुसार उपसमितिहरू गठन गर्ने ।

(७) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद् र केन्द्रीय कार्यसमितिबाट तोकिएका अन्य कार्यहरू गर्ने ।

(८) आगामी बर्षको वार्षिक कार्यक्रम तथा कार्ययोजना तय गर्ने ।

**(ख) प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार**

(१) प्रदेश कार्यसमितिका कामको मध्यावधी समीक्षा गर्ने ।

(२) एशोसिएसनका नीतिहरूको समीक्षा गरि भावी नीतिहरू सिफारिस गर्ने ।

(३) सदस्यहरूमाथि भएका कारवाहीको छानविन गरि अनुमोदन वा वदर गर्ने ।

(४) प्रदेश कार्यसमितिका मनोनित पदाधिकारी वा सदस्यहरूको मनोनयन अनुमोदन गर्ने ।

(५) पेशागत हक–हित तथा संघर्षका कार्यक्रम अनुमोदन गर्ने ।

(६) एशोसिएसनको विकासका लागि प्रदेश कार्यसमितिलाई आवश्यक नीति निर्देशन दिने ।

(७) आर्थिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन अनुमोदन गर्ने ।

(८) कार्यसमिति मातहतका जिल्ला कार्यसमितिहरूमा क्षमता अभिबृद्धि सम्बन्धि कार्यहरू समिक्षा गर्ने ।

**२५(क) जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(१) जिल्ला कार्यसमितिका पदाधिकारीहरू र सदस्यहरूको निर्वाचन गर्ने ।

(२) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रीय कार्यसमिति र प्रदेश कार्यसमितिबाट पारित नीति, नियम र प्राप्त निर्देशन तथा निर्णय पालना गर्ने, गराउने ।

(३) बार्षिक लेखापरीक्षण प्रतिवेदन सहितको आर्थिक प्रतिवेदन, तथा सांगठनिक प्रतिवेदन उपर छलफल समीक्षा गरि पारित गर्ने ।

(४) जिल्ला कार्यसमितिले गरेको कामको मूल्यांकन अनुगमन गरि आवश्यक निर्देशन दिने ।

(५) एशोसिएसनको विधान विपरीत कार्य गर्ने सदस्य तथा पदाधिकारीहरूलाई कारवाहीका लागि प्रदेश कार्यसमिति मार्फत केन्द्रीय कार्यसमितिमा सिफारिस गर्ने ।

(६) एशोसिएसनको उद्देश्य प्राप्तिका लागि गरिने कामकारवाहीलाई व्यवस्थित एवं सरल बनाउन आवश्यकतानुसार उपसमितिहरू गठन गर्ने ।

(७) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद् र केन्द्रीय कार्यसमिति एवं प्रदेश परिषद् र प्रदेश कार्यसमितिबाट तोकिएका अन्य कार्यहरू गर्ने ।

**२६. केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(१) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्बाट पारित भएका एवं तर्जुमा गरिएका नीति, निर्देशन एवं कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

(२) एशोसिएसनको उद्देश्य, नीति तथा कार्यक्रम सम्पूर्ण सदस्यहरूवीच व्यापकरूपमा प्रचारप्रसार गरि जानकारी गराउने ।

(३) सामान्यतः केन्द्रीय सचिवालयको वैठक महिनाको एकपटक बस्ने ।

(४) तोकिएको कार्यविधि अनुरूप सदस्यता प्रदान गर्ने, आजीवन सदस्यता अनुमोदन गर्ने, अभिलेख राख्ने एवं अद्यावधिक गर्ने ।

(५) एशोसिएसनका कार्यक्रम एवं बजेट तयार गरि राष्ट्रिय महाधिवेशन र परिषद्मा स्वीकृतिका लागि पेश गरि पारित भए बमोजिम कार्यान्वयन गर्ने/गराउने ।

(६) दुई अधिवेशनको वीचमा १८ महिनाको अवधी ननाघ्ने गरि परिषद्को वैठक आव्हान गर्ने । वैठक बस्ने ठाउँ, मिति र एजेण्डा निर्धारण गर्ने ।

(७) केन्द्रीय कार्यसमितिका कुनै पदाधिकारीको पद रिक्त हुन आएमा उक्त पदको बाँकि अवधिको लागि केन्द्रीय कार्यसमितिका पदाधिकारी मध्येबाट केन्द्रीय कार्यसमितिले मनोनित गर्न सकिनेछ ।

(८) लेखापरीक्षक नियुक्ति गर्ने, पारिश्रमिक निर्धारण गर्ने ।

(९) एशोसिएसनका सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता लगायत आवश्यक नियमहरू बनाई राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्मा पेश गर्ने र पारित भए बमोजिम पालना गर्ने, गराउने र पालना नगर्नेलाई आवश्यक कारवाही गर्ने ।

(१०) लगातार तीन पटकसम्म कार्यसमितिको बैठकमा बिनासूचना अनुपस्थित रहने कार्यसमितिका सदस्य एवं पदाधिकारीहरूलाई कार्यसमितिको सदस्यवाट हटाउन सक्ने ।

(११) विधान अनुसार गठन हुने जिल्ला कार्यसमिति र प्रदेश कार्यसमितिहरू गठनका लागि आवश्यक पहल गर्ने एवं प्रतिनिधि वा पर्यवेक्षक पठाई गठन गर्न सहयोग गर्ने ।

(१२) विधान अनुरूपको उद्देश्य परिपूर्तिका लागि प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिहरूलाई आवश्यक निर्देशन दिने ।

(१३) विधान अनुरूपको कार्य नगर्ने वा निर्देशनको पालना नगर्ने प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिहरूलाई विघटन गरि अर्को कार्यसमिति गठन गर्न राष्ट्रिय महाधिवेशनमा सिफारिस साथ पेश गर्ने ।

(१४) लेखापरीक्षण तथा लेखाव्यवसायसंग सम्बन्धित सामाग्रीहरू प्रकाशन गर्ने एवं पुस्तकालयको व्यवस्था गर्ने ।

(१५) लेखाव्यवसायी एवं लेखापरीक्षकहरूको व्यवसायिक दक्षता बढाउन आवश्यक तालीम, गोष्ठी, अन्तरक्रिया र सेमिनार आदि संचालन गर्ने, गराउने ।

(१६) लेखा एवं लेखापरीक्षण तथा अर्थ, राजश्व, बाणिज्य र उद्योगसँग सम्बन्धित कानूनहरूमा सुधार गर्न नेपाल सरकारलाई राय सुझाव दिने ।

(१७) एशोसिएसनले गठन गर्ने उपसमितिहरूको कार्यविधि तयार गर्ने,गराउने ।

(१८) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थासंग समन्वय गरि CPE, तालिम, वर्गबृद्धि र फाउण्डेशन आदि लगायत चार्टर्ड एकाउन्टेन्ट शिक्षा तथा एकाउन्टिङ्ग टेक्निसिएन शिक्षाका कोचिङ्ग कक्षाहरू संचालन गर्ने, गराउने ।

(१९) अन्य संघ संस्थाहरूसंग सम्पर्क गरि एशोसिएसनको उद्देश्य पुरा गर्न आवश्यक सहयोग अभिबृद्धि गर्दै लैजाने र आपसी हितका अन्य विविध कार्यहरू गर्ने गराउने ।

(२०) अन्य आवश्यक कार्यक्रमहरू संचालन गर्ने ।

(२१) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्ले तोकेका अन्य कार्यहरू गर्ने ।

(२२) बैठक सञ्चालन कार्यबिधि तयार गरि सो अनुसार बैठकहरू सञ्चालन गर्ने ।

**२७. प्रदेश कार्यसमितिको काम कर्तव्य र अधिकार:**

(१) प्रदेश अधिवेशन, प्रदेश परिषद्बाट पारित भएका एवं तर्जुमा गरिएका नीति, निर्देशन एवं कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

(२) एशोसिएसनको उद्देश्य, नीति तथा कार्यक्रम सम्पूर्ण सदस्यहरू बीच व्यापक रूपमा प्रचारप्रसार गरि जानकारी गराउने र सो बमोजिम आवश्यक कार्यक्रमहरू संचालन गर्ने ।

(३) सामान्यत: तीन महिनाको एकपटक वैठक बस्ने ।

(४) प्रदेश कार्यसमितिको बार्षिक कार्यक्रम एवं बजेट तयार गरि प्रदेश परिषद्मा स्वीकृतिका लागि पेश गर्ने र पारित भएबमोजिम कार्यान्वयन गर्ने, गराउने ।

(५) प्रत्येक वर्ष प्रदेश परिषद्को वैठक तोकिए बमोजिम बोलाउने र वैठक बस्ने ठाउँ एवं मिति तोक्ने ।

(६) प्रदेश कार्यसमितिका कुनै पदाधिकारीको पद रिक्त हुन आएमा उक्त पदको बाँकी अवधिको लागि प्रदेश कार्यसमितिका पदाधिकारी मध्येबाट प्रदेश कार्यसमितिले मनोनित गर्न सकिनेछ ।

(७) लगातार तीन पटकसम्म कार्यसमितिको वैठकमा बिना सूचना अनुपस्थित रहने कार्यसमितिका सदस्य एवं पदाधिकारीहरूलाई कार्यसमितिको सदस्यवाट हटाउन सक्ने ।

(८) एशोसिएसनका सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता एवं नियमहरू पालना नगर्ने सदस्यहरूलाई आवश्यक कारवाही गर्ने वा कारवाहीका लागि तोकिए बमोजिम सिफारिस गर्ने ।

(९) केन्द्रीय कार्यसमितिले तोकेको ढाँचामा तोकिए बमोजिमको समयमा आर्थिक तथा कार्य प्रगती प्रतिवेदन पठाउने ।

(१०) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, केन्द्रीय कार्यसमिति र प्रदेश परिषद्ले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

(११) एशोसिएसनको सांगठनिक अवस्था सुदृढ र मजबुत वनाउन आवश्यक कार्य गर्ने ।

(१२) लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(१३) प्रदेश कार्यसमितिले आफ्नो माता हतका जिल्ला कार्यसमितिहरूलाई आवश्यकता अनुसार सांगठनिक एवं पेशागत दक्षता अभिबृद्धिको लागि आवश्यक निर्देशन दिन सक्ने छ ।

(१४) प्रदेश कार्यसमितिले आफ्नो माताहतका क्षेत्रमा सम्पन्न बैठक, अधिवेशन, परिषद् लगायतका कार्यक्रमहरू बार्षिक तथा लेखापरीक्षण प्रतिवेदन समेत तत्काल जानकारी गराउनु पर्ने बिषय बाहेक कार्यसम्पन्न भएको ३० दिन भित्र केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

**२८. जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(क) जिल्ला अधिवेशन र परिषद्बाट पारित नीति, कार्यक्रम, वजेट कार्यान्वयन गर्ने ।

(ख) साधारण सदस्यता प्रदान गर्ने ।

(ग) आजीवन सदस्यताका लागि सिफारीस गर्ने ।

(घ) लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ङ) सामान्यतः तीन महिनाको एकपटक वैठक बस्ने ।

(च) जिल्ला अधिवेशनवाट पारित वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

(छ) जिल्ला कार्यसमितिका कुनै पदाधिकारीको पद रिक्त हुन आएमा उक्त पदको बाँकी अवधिको लागि जिल्ला कार्यसमितिका पदाधिकारी मध्येबाट जिल्ला कार्यसमितिले मनोनित गर्न सकिनेछ ।

(जं) लगातार तीन पटकसम्म बिनासूचना अनुपस्थित हुने कार्यसमितिका सदस्य एवं पदाधिकारीहरूलाई कार्यसमितिको सदस्य पदवाट हटाउन सक्ने ।

(झ) केन्द्रीय कार्यसमितिले तोकेको ढाँचा तथा समयमा आर्थिक तथा कार्य प्रगति प्रतिवेदन पठाउनु पर्नेछ ।

(ञ) विधान वमोजिम सदस्यता दिने, सदस्यहरूको अभिलेख राख्ने, सदस्यता शुल्क उठाउने र नवीकरण गर्ने, गराउने ।

(ट) एशोसिएसनको सांगठनिक अवस्था सुदृढ र मजवुद वनाउन आवश्यक कार्य गर्ने ।

(ठ) जिल्ला कार्यसमितिले आफ्नो कार्यक्षेत्रमा सम्पन्न वैठक, अधिवेशन, परिषद् लगायतका कार्यक्रमहरू लेखापरीक्षण प्रतिवेदन समेत तत्काल जानकारी गराउनुपर्ने बिषय बाहेक कार्यसम्पन्न भएको ३० दिन भित्र केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्ने छ ।

**२९. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिका अध्यक्षहरूको तत्-तत् कार्यसमितिमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) अधिवेशन, परिषद् र वैठक बोलाउन लगाउने, अध्यक्षता गर्ने र निर्णयहरू प्रमाणित गर्ने ।

(ख) एशोसिएसनको हितलाई सर्वोपरी राख्न सदैव प्रयत्नशील रहने र एशोसिएसनको उद्देश्य प्राप्तिका लागि सामुहिक नेतृत्व प्रणालीको विकास गर्ने ।

(ग) कुनै प्रस्ताव उपर मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) एशोसिएसनका सम्पूर्ण सदस्यहरू एवं मातहत तथा तालुक कार्यसमिति र परिषद्हरूसंग समन्वय गरि कार्यक्रम संचालन गर्ने ।

(ङ) एशोसिएसनका सबै कार्यहरूको निरीक्षण गर्ने, निर्देशन दिने र तत्काल नगरि नहुने कामकारवाही गर्न, गराउन निर्णय दिई कार्यान्वयन गराउने ।

(च) महाधिवेशन, अधिवेशन, परिषद् र कार्यसमितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

**३०. वरिष्ठ उपाध्यक्ष, प्रथम, द्वितीय एवं तृतीय उपाध्यक्ष, र उपाध्यक्षहरूको काम, कर्तब्य र अधिकार :** [२४]

१) केन्द्रीय कार्यसमितिका वरिष्ठ उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षता गर्ने ।

(ख) सवै क्षेत्रको कामको संयोजन गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा वैठक वोलाउन महासचिवलाई निर्देशन दिने ।

(घ) केन्द्रीय कार्यसमितिले प्रत्यायोजन गरेका अधिकारहरू प्रयोग गर्ने ।

२) केन्द्रीय कार्यसमितिका प्रथम उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अध्यक्ष, वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षता गर्ने ।

(ख) अध्यक्ष, वरिष्ठ उपाध्यक्षलाई सहयोग पुऱ्याउने ।

(ग) केन्द्रीय कार्यसमितिले दिएको जिम्मेवारी पुरा गर्ने ।

(घ) देश भरी संगठनको कामको संयोजनमा सहयोग गर्ने ।

३) केन्द्रीय कार्यसमितिका द्वितीय उपाध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र प्रथम उपाध्यक्षको अनुपस्थितिमा कार्यभार सम्हाल्ने ।

(ख) वरिष्ठ उपाध्यक्ष र प्रथम उपाध्यक्षको कार्यलाई सहयोग पुऱ्याउने ।

(ग) केन्द्रीय कार्यसमितिले दिएको जिम्मेवारी पुरा गर्ने ।

(घ) अध्यक्षको निर्देशनमा भैपरी आउने कार्यहरू गर्ने ।

(ङ) तोकिए वमोजिम विभागिय कार्यहरू गर्ने ।

४) केन्द्रीय कार्यसमितिका तृतीय उपाध्यक्षको काम, कर्तब्य, अधिकार देहाय बमोजिम हुनेछ :

---

२४ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

(क) अध्यक्ष, वरिष्ठ, प्रथम र द्वितीय उपाध्यक्षको अनुपस्थितिमा कार्यभार सम्हाल्ने ।

(ख) वरिष्ठ, प्रथम तथा द्वितीय उपाध्यक्षको कार्यमा सहयोग गर्ने ।

(ग) अध्यक्षको निर्देशनमा भैपरी आउने कार्यहरू गर्ने ।

(घ) तोकिए वमोजिम विभागिय कार्यहरू गर्ने । [२५]

**५) केन्द्रीय, प्रदेश र जिल्ला कार्यसमितिका उपाध्यक्षहरूको तत्-तत् कार्यसमितिमा देहाय बमोजिमको काम कर्तब्य र अधिकार हुनेछ ।**

क) अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, तृतीय उपाध्यक्षको अनुपस्थितिमा बरिष्ठताको आधारमा बैठकको अध्यक्षता गर्ने ।

ख) अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, प्रथम उपाध्य, द्वितीय उपाध्यक्ष र तृतीय उपाध्यक्षलाई सहयोग पुऱ्याउने ।

ग) आफुलाई तोकिएको क्षेत्रको कामको संयोजन गर्ने ।

घ) सम्बन्धित कार्यसमितिले तोकिएको कार्य गर्ने गराउने । [२६]

**३१ महासचिव र उप–महासचिवहरूको काम, कर्तव्य र अधिकार :**

**३१(१). केन्द्रीय कार्यसमितिका महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षसंग सल्लाह गरि वैठकमा प्रस्ताव गरिने विषय सूची तयार गरि वैठक बोलाउने ।

(ख) वैठकमा पारित भएका प्रस्तावहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) एशोसिएसनको प्रवक्ताको जिम्मेवारी वहन गर्ने ।

(घ) एशोसिएसनको चल–अचल सम्पत्ति, कागजपत्र र छाप आदि सुव्यवस्थित रूपले राख्ने वा राख्न लगाउने ।

(ङ) केन्द्रीय कार्यसमिति एवं मातहत कार्यसमितिहरू समेतको बार्षिक कार्य प्रतिवेदन तयार गरि राष्ट्रिय अधिवेशन, राष्ट्रिय परिषद् एवं केन्द्रीय कार्यसमितिमा पेश गर्ने ।

(च) एशोसिएसनको प्रशासकीय कार्यको रेखदेख एवं जिम्मेवारी समेत बहन गर्ने ।

(छ) एशोसिएसनका कर्मचारीहरूलाई नियन्त्रण गर्ने एवं निर्देशन दिने ।

(ज) एशोसिएसनको संगठन सुदृढिकरण तथा विस्तार गर्ने ।

(झ) अन्य तोकिएका वा तोकिए बमोजिमका कार्यहरू गर्ने, गराउने ।

---

२५ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

२६ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

**३१(२) केन्द्रीय कार्यसमितिका उप–महासचिवहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) केन्द्रीय कार्यसमितिको उपमहासचिवले महासचिवको अनुपस्थितिमा महासचिवको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्ने र अन्य अवस्थामा महासचिवलाई सहयोग गर्ने ।

(ख) महासचिवको अनुपस्थितिमा महासचिवको काम गर्ने ।

(ग) केन्द्रीय कार्यसमितिले तोकेको थप जिम्मेवारी वहन गर्ने ।

(घ) विभागीय जिम्मेवारी सञ्चालन गर्ने ।

**३२. सचिवहरूको काम कर्तव्य एवं अधिकारः**

(१) केन्द्रीय सचिवको काम कर्तव्य र अधिकार

(क) केन्द्रीय कार्यसमितिको सचिवले महासचिव तथा उप–महासचिवको अनुपस्थितिमा महासचिवको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्ने र अन्य अवस्थामा महासचिव तथा उप–महासचिवलाई सहयोग गर्ने ।

(ख) विभागीय जिम्मेवारी सञ्चालन गर्ने । आफुले प्रतिनिधित्व गरेको प्रदेशको केन्द्रीय उपाध्यक्षसंग समन्वय गरि तोकिए बमोजिम कार्य गर्ने ।

(ग) केन्द्रीय कार्यसमितिवाट प्रत्यायोजित अधिकारको प्रयोग गर्ने ।

(२) प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिका सचिवहरूको काम, कर्तव्य र अधिकार तत्–तत् कार्यसमितिमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) अध्यक्षसंग सल्लाह गरि वैठकमा प्रस्ताव गरिने विषय सूची तयार गरि वैठक बोलाउने ।

(ख) वैठकमा पारित भएका प्रस्तावहरूको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) समितिको चल–अचल सम्पत्ति, कागजपत्र र छाप आदि सुव्यवस्थित रूपले राख्ने, राख्न लगाउने ।

(घ) समिति एवं मातहत समितिहरू समेतको वार्षिक कार्य प्रतिवेदन तयार गरि परिषद् एवं केन्द्रीय कार्यसमितिमा पेश गर्ने ।

(ङ) समितिको प्रशासकीय कार्यको रेखदख एवं जिम्मेवारी समेत बहन गर्ने ।

(च) समितिका कर्मचारीहरूलाई नियन्त्रण गर्ने एवं निर्देशन दिने ।

(छ) एशोसिएसनको संगठन सुदृढिकरण तथा विस्तार गर्ने ।

(ज) अन्य तोकिएका वा तोकिए बमोजिमका कार्यहरू गर्ने ।

**३३. सह–सचिवको काम, कर्तव्य एवं अधिकारः**

(१) सचिवलाई सहयोग गर्ने ।

(२) सचिवको अनुपस्थितिमा सचिवको काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्ने ।

(३) अन्य तोकिएका वा तोकिए बमोजिमका कार्यहरू गर्ने ।

**३४. कोषाध्यक्ष तथा सह–कोषाध्यक्षको काम कर्तव्य र अधिकारः**

(१) केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिहरूका कोषाध्यक्षहरूको **तत्–तत्** कार्यसमितिमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) आर्थिक कारोवारको रीतपूर्वकको लेखा राख्नु, राख्न लगाउनुका साथै आर्थिक प्रशासनको उत्तरदायित्व बहन गर्ने ।

(ख) आगामी वर्षको बजेट तथा कार्यक्रम तयार गरि स्वीकृतका लागि सम्बन्धित कार्यसमिति मार्फत परिषद्मा पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने, गराउने ।

(ग) तोकिए बमोजिम स्वीकृत भएका बिल/भौचरहरूको भुक्तानी दिई अभिलेख राख्ने ।

(घ) आर्थिक सहयोग जुटाउने कार्यमा सक्रिय रही आर्थिक श्रोतको परिचालन, संबर्द्धन र कोषको विकासका लागि प्रयत्नशील रहने ।

(ङ) सदस्यहरूको सदस्यता शुल्क नियमित असुलीको व्यवस्था मिलाउने ।

(च) बैंक खाता सञ्चालन गर्ने ।

(२) सह–कोषाध्यक्षको काम कर्तव्य र अधिकार

(क) कोषाध्यक्षको अनुपस्थितिमा निजको जिम्मेवारी सम्हाल्ने ।

(ख) कोषाध्यक्षलाई सहयोग गर्ने ।

(ग) अन्य तोकिएका कार्य गर्ने ।

**३५. सदस्यहरूको काम, कर्तव्य र अधिकारः**

(१) केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिहरूका सदस्यहरूको **तत्–तत्** कार्यसमितिमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) वैठकमा पेश भएका प्रस्ताव उपर छलफल गरि एशोसिएसनको हित अनुकूल निर्णय गर्ने ।

(ख) परिषद् र कार्यसमितिको निर्णयले सञ्चालित विविध कार्यक्रमहरूमा प्रत्यक्ष रूपमा संलग्न भई कार्यक्रमहरूलाई सफलतापूर्वक सम्पन्न गर्ने, गराउने ।

(ग) परिषद् र कार्यसमितिको निर्णय अनुसार संचालित कार्यक्रमहरू सञ्चालित भए वा नभएको अनुगमन गर्ने ।

(घ) एशोसिएसनको संगठन सुदृढिकरण र विस्तारमा निरन्तर क्रियाशिल रहने ।

(ङ) परिषद् र कार्यसमितिले तोकेको अन्य कार्यहरू गर्ने ।

## परिच्छेदः ९
## आर्थिक व्यवस्थापन

**३६. लेखा र लेखा राख्ने कर्तव्यः**

१. एशोसिएसनको आर्थिक कारोवारको अभिलेख दोहोरो श्रेस्ता प्रणालीको लेखा पद्धतिको अनुशरण गरि राखिनेछ । यस अनुसार एशोसिएसनको सम्पूर्ण चल–अचल सम्पत्तिको मूल्य, एशोसिएसनको यथार्थ आर्थिक स्थिति झल्काउने आर्थिक विवरण, फाँटवारीहरू आम्दानी–खर्चको विवरण आदि तयार गर्नुपर्नेछ ।

२. एशोसिएसनमा आर्थिक कारोवारको अभिलेख व्यवस्थित रूपमा निर्धारित ढाँचामा राख्ने वा राख्न लगाउने सम्पूर्ण जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

**३७. कोषको व्यवस्थाः**

१. एशोसिएसनमा देहाय बमोजिमका कोषहरू रहनेछन् ।

क) केन्द्रीय मुल कोष,

ख) कार्य सञ्चालन कोष,

ग) कल्याणकारी कोष ।

**क. केन्द्रीय मूलकोषः**

एशोसिएसनको केन्द्रीय कार्यसमितिको मातहतमा रहने गरि एउटा केन्द्रीय मूलकोष रहनेछ र यस कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् ।

१) सदस्यता शुल्कवापत सदस्यहरूबाट प्राप्त हुने रकम ।

२) सदस्यहरूबाट व्यवस्थापन वापत सहयोग स्वरूप प्राप्त हुने रकम ।

३) एशोसिएसनको सहयोगार्थ संघ संस्था र व्यक्ति विशेषबाट प्राप्त हुने रकम ।

४) एशोसिएसनको चल–अचल सम्पत्ति बिक्रि, बहाल, भाडा वा लगानीबाट प्राप्त रकम ।

५) एशोसिएसनले अन्य संस्था वा व्यक्ति विशेषलाई सेवा पुऱ्याए वापत प्राप्त हुने रकम ।

६) नेपाल सरकारको स्वीकृतिमा विदेशी संघ संस्था, सरकार वा ब्यक्ति बिशेषबाट सहयोग स्वरूप प्राप्त रकम । [२७]

७) सदस्यता नवीकरण बापत प्राप्त हुने रकम ।

८) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

२. केन्द्रीय मूलकोषको रकम केन्द्रीय कार्यसमितिले तोकेको बैंकमा खाता खोली राखिनेछ ।

३. केन्द्रीय मूलकोषको बैंक खाता केन्द्रीय कार्यसमितिले तोकेको बैंक वा वित्तीय संस्थामा केन्द्रीय कार्यसमितिको अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त नाममा खोली संचालन गरिनेछ । उक्त खाता केन्द्रीय कार्यसमितिको अध्यक्ष, महासचिव मध्ये कुनै १ जना र कोषाध्यक्षको अनिवार्य दस्तखत रहने गरि संचालन गरिनेछ ।

४. एशोसिएसनका तर्फबाट गर्नुपर्ने सम्पुर्ण खर्चहरू केन्द्रीय कार्यसमितिको अनुसार गरिनेछ । यसरी भएका खर्चहरू राष्ट्रिय परिषद्‌बाट अनुमोदन गर्नुपर्नेछ ।

**ख. कार्य सञ्चालन कोषः**

१. एशोसिएसनका जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिले प्राप्त गर्ने रकम यस कोषमा जम्मा गरिनेछ ।

२. यस कोषमा जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिले तोके बमोजिमको रकम एवं केन्द्रीय मूल कोषबाट निकासा भएको र कमबाहेक अन्य रकम जम्मा गर्न वा खर्च गर्न पाउने छैनन् ।

३. यस कोषको बैंक खाता सम्बन्धित कार्यसमितिले तोकेको बैंक वा वित्तीय संस्थामा सम्बन्धित कार्यसमितिका अध्यक्ष वा सचिव मध्ये कुनै १ जना र कोषाध्यक्षको अनिवार्य दस्तखत रहने एवं केन्द्रीय कार्यसमितिको हकमा अध्यक्ष वा महासचिव मध्ये कुनै १ जना र कोषाध्यक्षको अनिवार्य दस्तखतबाट सञ्चालन हुनेछ ।

**ग. कल्याणकारी कोषः**

१. एशोसिएसनका सदस्यहरूको कल्याणका लागि वा छात्रवृत्ति, पदक कुनै खास काम एवं कुनै निश्चित उद्देश्यका लागि कुन ब्यक्ति, संघ संस्था वा अन्य कुनै श्रोतबाट प्राप्त भएको रकम सोही कार्य एवं सोही उद्देश्य प्राप्तिका लागि खर्च गर्न केन्द्रीय कार्यसमितिले एक कल्याणकारी कोष खडा गर्न सक्नेछ ।

---

२७ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

२. यस कोषबाट दाताले तोके बमोजिम वा दातासंग भएको सम्झौता बमोजिम वा जुन उद्देश्यका लागि रकम प्राप्त भएको हो सो उद्देश्य प्राप्तिका लागि बाहेक अन्य कुनै कार्यमा खर्च गर्न वा सापटी लिन पाईनेछैन ।

३. यस कोषको खाता केन्द्रीय कार्यसमितिले तोकेको बैंक वा वित्तीय संस्थामा केन्द्रीय कार्यसमितिको अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त नाममा खोली संचालन गरिनेछ । उक्त खाता केन्द्रीय कार्यसमितिको अध्यक्ष, महासचिव मध्ये कुनै १ जना र कोषाध्यक्षको अनिवार्य दस्तखत रहने गरि संचालन गरिनेछ । [२८]

**३८. खर्च गर्ने अधिकारी र तरिका:**

१. एशोसिएसनले गर्नुपर्ने जुनसुकै खर्चहरू अधिकार प्राप्त अधिकारीको आदेशले जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिले तोकिए बमोजिम गर्ने छन् ।

**३९. लेखापरीक्षण**

क. केन्द्रीय लेखापरीक्षण समिति : यस एशोसिएसनको आन्तरिक लेखापरीक्षण गर्न केन्द्रीय कार्यसमितिबाट निर्वाचित केन्द्रीय लेखापरीक्षण समिति रहनेछ ।

१) समिति केन्द्रीय कार्यसमिति प्रति उत्तरदायी हुनेछ ।

२) लेखापरीक्षण समितिमा संयोजक सह–संयोजक र सचिव सहित ७ सदस्य रहनेछ ।

३) लेखापरीक्षण समितिको संयोजक, सह–संयोजक र सचिवको मर्यादा सचिवालय सदस्य सरह हुनेछ । आवश्यकताको आधारमा लेखापरीक्षण समितिको संयोजक, सह–संयोजक र सचिव सहितलाई वा संयोजकलाई मात्र सचिवालयको बैठक र केन्द्रीय कार्यसमितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । यी आमन्त्रित सदस्यहरूले केन्द्रीय कार्यसमितिको बैठकको निर्णय वा मतदान प्रकृयामा सहभागि हुन पाउने छैन । [२९]

ख. केन्द्रीय लेखापरीक्षण समितिको काम, अधिकार र कर्तब्य देहाय बमोजिम हुनेछन् :

१) केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिहरूको आन्तरिक लेखापरीक्षण गरि सुझाव सहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनको लागि सम्बन्धित कार्यसमितिमा प्रस्तुत गर्ने ।

---

२८ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

२९ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

२) लेखा तथा आर्थिक व्यवस्थापनको लागि आवश्यक नीति-नियम बनाई कार्यान्वयनको लागि सम्बन्धित समितिमा प्रस्तुत गर्ने ।

३) लेखापरीक्षण सम्बन्धि कामका सन्दर्भमा सम्बन्धित कार्यसमितिको बैठकमा उपस्थित हुन सक्ने ।

ग. लेखापरीक्षण समितिको आफ्नो काम कारवाहीको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।

१. अन्तिम लेखापरीक्षण :

क) एशोसिएसनको अन्तिम लेखापरीक्षण सम्बन्धित कार्यसमितिले नियुक्त गरेको लेखापरीक्षकबाट हुनेछ ।

ख) लेखापरीक्षक नियुक्ती गर्दा सम्बन्धित कार्यसमितिका पदाधिकारी एवं निजहरूको साझेदारीमा रहेको संस्था लेखापरीक्षणका लागि ग्राह्य हुनेछैन ।

## परिच्छेदः १०
## विविध

### ४०. निर्वाचन सम्बन्धि व्यवस्थाः

१. एशोसिएसनका सबै अधिवेशन, परिषद् एवं कार्यसमितिहरूको निर्वाचन प्रत्येक ३/३ वर्षमा तोकिए बमोजिम हुनेछ ।

२. सबै तहको अधिवेशनमा निर्वाचन सम्बन्धि कार्यहरू सम्बन्धित कार्यसमितिले तोकेको निर्वाचन समितिले गर्नेछ र उक्त समिति १ जना संयोजक सहित ३ जनाको हुनेछ र निर्वाचन गर्नु गराउनु भन्दा ३० दिन अगाडि नै सबै सदस्यहरूलाई निर्वाचन सम्बन्धि सम्पूर्ण सूचना र जानकारी दिई सक्नु पर्नेछ ।

३. सबै तहको अधिवेशनमा हुने निर्वाचनमा, प्रतिनिधिहरूको एक ब्यक्तिको एक मत गोप्य रूपमा प्रदान गर्ने अधिकार हुनेछ । मतदान उपस्थित प्रतिनिधिहरूले मात्र गर्न पाउने छन् ।

४. निर्वाचन समितिले निर्वाचन सम्बन्धि विषयमा गरेको निर्णय अन्तिम हुनेछ । [३०]

### ४१. मताधिकारः

१. जिल्ला तहको निर्वाचनमा साधारण र आजीवन सदस्यहरूलाई मताधिकार हुनेछ भने प्रदेश, उपत्यका प्रदेश र केन्द्रीय तहको निर्वाचनमा उपस्थित प्रतिनिधिहरूलाई हुनेछ । [३१]

---

३० : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

३१ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

**४२. उम्मेद्वार हुन पाउने योग्यताः**

१. यस एशोसिएसन अन्तर्गत गठन हुने कार्यसमितिको पदाधिकारीका लागि उम्मेद्वार हुन देहाय बमोजिम योग्यता हुनुपर्नेछः

क) २१ वर्ष उमेर पुगेको ।

ख) साधारण वा आजीवन सदस्य भएको ।

ग) अदालतबाट फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) मानसिक असन्तुलन नभएको ।

ङ) एशोसिएसनले असुलउपर गर्नुपर्ने वा लिनुपर्ने कुनै पनि रकम बक्यौता नरहेको ।

च) विधानद्वारा प्रतिबन्धित नगरिएको ।

छ) केन्द्रीय कार्यसमितिको अध्यक्ष बन्न केन्द्रीय कार्यसमितिको वरिष्ठ उपाध्यक्ष देखि केन्द्रीय सह-कोषाध्यष सम्मको पदमा रही एक कार्यकाल कार्य गरेको, केन्द्रीय कार्यसमितिको वरिष्ठ उपाध्यक्ष देखि सह कोषाध्यक्ष बन्न कम्तीमा केन्द्रीय कार्यसमितिको केन्द्रीय सदस्य वा आईक्यान पार्षदमा एक कार्यकाल कार्य गरेको र केन्द्रीय कार्यसमितिको सदस्य बन्न प्रदेश कार्यसमितिको पदाधिकारीमा, जिल्ला कार्यसमितिको अध्यक्ष पदमा रही एक कार्यकाल कार्य गरेको अनुभव भएको हुनु पर्नेछ तर केन्द्रीय कार्यसमितिले केन्द्रीय सदस्यमा मनोनित गर्न यो ब्यबस्थाले वाधा पुऱ्याउने छैन ।[३२]

ज) केन्द्रीय अध्यक्षको हकमा २ कार्यकाल केन्द्रीय कार्यसमितिको अध्यक्ष नरहेको व्यक्ति ।[३३]

२. पद रिक्तता

क. राजिनामा स्वीकृत भएमा ।

ख. अदालतबाट फौजदारी अभियोग प्रमाणित भएमा ।

ग. मृत्यु भएमा ।

घ. यस बिधान बमोजिम तल्लो कार्यसमितिको पदाधिकारी तथा सदस्य माथिल्लो कार्यसमितिको कुनै पदमा उमेदवारी दिएमा तल्लो कार्यसमितिको पद स्वतः रिक्त हुनेछ ।

**४३. अविश्वासको प्रस्तावः**

१. कार्यसमिति वा कार्यसमितिका कुनै पदाधिकारीहरूले एशोसिएसनको विधान अनुकूल कार्य नगरि एशोसिएसनलाई हानि-नोक्सानी पुऱ्याएमा वा बदनियतपूर्ण अभिप्रायले कुनै कार्य गरेको ठहर्ने मनासिव कारण भएमा ३३

३२ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

३३ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

प्रतिशत वा सो भन्दा बढी मताधिकार प्राप्त सदस्यहरूबाट लिखित प्रस्ताव सम्बन्धित कार्यसमितिमा पेश गर्नुपर्नेछ । यसरी प्राप्त भएको अविश्वासको प्रस्तावमाथि छलफल गरि पारित गर्न सम्बन्धित कार्यसमितिले तत्–तत् कार्यसमितिका मताधिकार प्राप्त सम्पूर्ण सदस्यहरूलाई प्रस्ताव प्राप्त भएको १५ दिनभित्र विशेष अधिवेशन बोलाई निर्णयार्थ पेश गर्नुपर्नेछ । उक्त प्रस्ताव बहुमतबाट पारित भएमा पदाधिकारी भए आफ्नो पदबाट स्वतः हट्नेछ र कार्यसमिति भए स्वतः विघटन हुनेछ । यसरी गरिएको कारवाही उपर राष्ट्रिय अधिवेशन वा परिषद्मा पुनरावेदन गर्न सकिनेछ । अधिवेशन वा परिषद्ले गरेको निर्णय अन्तिम हुनेछ ।

२. अध्यक्ष उपर अविश्वास आएमा केन्द्रीय कार्यसमितिको हकमा बरिष्ठ उपाध्यक्षले, अन्य कार्यसमितिहरूको हकमा उपाध्यक्षले र कार्यसमिति उपर अबिश्वास प्रस्ताव आएमा बैठकको अध्यक्षता जेष्ठ सदस्यले गर्नेछ । [३४]

**४४. कार्यालय एवं कर्मचारी व्यवस्थापनः**

एशोसिएसनको कार्यालय वा कर्मचारीको व्यवस्था तोकिए बमोजिम हुनेछ :

**४५. केन्द्रीय अनुशासन समिति :**

क) यस एसोसिएसनको अनुशासन सम्बन्धि कार्यसम्पादन गर्न केन्द्रीय कार्यसमितिबाट निर्वाचित केन्द्रीय अनुशासन समिति रहनेछ ।

ख) समिति केन्द्रीय कार्यसमिति प्रति उत्तरदायी हुनेछ ।

ग) समिति संयोजक, सह–संयोजक र सचिव सहित बढीमा ७ सदस्य अनुशासन समिति हुनेछ । [३५]

घ) अनुशासन समितिको संयोजक, सह–संयोजक र सचिवको मर्यादाक्रम सचिवालय सदस्य सरह र सदस्यहरूको मर्यादाक्रम केन्द्रीय कार्यसमितिको सदस्य सरह हुनेछ । आवश्यकताको आधारमा अनुशासन समितिको संयोजक, सह–संयोजक र सचिव सहितलाई वा संयोजकलाई मात्र सचिवालयको बैठक र केन्द्रीय कार्यसमितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ भने सदस्यहरूलाई केन्द्रीय कार्यसमितिको बैठकमा आमन्त्रण गरिने छैन र यी आमन्त्रित सदस्यहरूले केन्द्रीय सचिवालयको बैठक र केन्द्रीय कार्यसमितिको बैठकको निर्णय वा मतदान प्रकृयामा सहभागि हुन पाउने छैनन् । [३६]

१. केन्द्रीय अनुशासन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

---

३४ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
३५ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन
३६ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

क) कुनै सदस्य उपर समितिमा परेको वा केन्द्रीय कार्यसमितिबाट प्राप्त पत्रचार गर्ने विषय भएको उजुरी उपर छानविन गर्ने ।

ख) छानबिनको क्रममा आवश्यकता अनुसार कानूनी सल्लाहकार वा सम्बन्धित विशेषज्ञको सेवा प्राप्त गर्ने ।

ग) छानबिनको क्रममा आरोप तथ्यपुर्ण देखिए सत्य, तथ्य र राय सहित सजायको लागि केन्द्रीय कार्यसमितिमा पेश गर्ने ।

घ) छानबिन पछि उजुरी तथ्यपुर्ण नदेखिए उजुरी तामेलीमा राख्नु पर्ने भए सो बमोजिम वा दुःख दिने उद्धेश्यले मात्र उजुरी गरेको देखिएमा उजुरीवालालाई सजाँयको लागि तथ्य र राय सहित केन्द्रीय कार्यसमितिमा पेश गर्ने ।

ङ) केन्द्रीय कार्यसमिति, प्रदेश तथा जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले संस्थाको निर्णय, निर्देशनको पालना गरे वा नगरेको अनुगमन गर्ने, गल्ती गर्ने माथि अनुशासनको कारवाही गर्न सम्बन्धित कार्यसमितिलाई निर्देशन दिने ।

च) समितिमा विचाराधिन मुद्धाको अनुसन्धान गर्ने सन्दर्भमा सम्बन्धित समितिको बैठकमा उपस्थित भई आवश्यक राय सुझाव लिन सक्ने ।

छ) केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार तोकेको वा प्रत्यायोजित गरे बमोजिमका अन्य कार्यहरू गर्ने ।

२. अनुशासन समितिको आफ्नो काम कारवाहीको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।

**४६. शपथ ग्रहणः**

१. यस एशोसिएसनका जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिका सदस्यहरूले अनुसूची ७ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नुपर्नेछ ।

**४७. राजीनामाः**

१. कार्यसमितिका पदाधिकारीहरूले आफ्नो पदबाट राजिनामा दिन चाहेमा सम्बन्धित कार्यसमितिका अध्यक्ष समक्ष र केन्द्रीय अध्यक्षले वरिष्ठ उपाध्यक्ष समक्ष र प्रदेश अध्यक्षहरूले सोही कार्यसमितिको उपाध्यक्ष समक्ष राजिनामा दिनुपर्नेछ । [३७]

**४८. यस विधानको व्याख्या र संशोधनः**

१. यस विधानको संसोधन गर्ने अधिकार राष्ट्रिय महाधिवेशनलाई र ब्याख्या गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ ।

---

३७ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

२. केन्द्रीय परिषद्ले यस विधानमा लेखिएका कुराहरूलाई आवश्यकता अनुसार थपघट गरि संशोधन गर्न सक्नेछ ।

**४९. नियम बनाउने अधिकारः यस विधानको उद्देश्य पुरा गर्न केन्द्रीय कार्यसमितिले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।**

**५०. एशोसिएसनको विघटनः**

१. कुनै कारणबस यस संस्थालाई बिघटन गर्नुपर्ने अवस्था आई परेमा सम्पूर्ण मताधिकार प्राप्त सदस्यहरूको २/३ (दुईतीहाई) मतले बिघटन गर्ने निर्णय गरि विघटन गर्न सक्नेछ । [३८]

२. विघटन पश्चात् एशोसिएसनको सम्पूर्ण चल–अचल सम्पत्ति नेपाल सरकार को हुनेछ ।

**५१. अधिकार प्रत्यायोजन :**

१. एशोसिएसनका कुनै पनि कार्यसमितिलाई वा पदाधिकारीहरूलाई भएको कुनै वा सवै अधिकार सम्बन्धित समितिले निर्णय गरि एशोसिएसनका कार्यसमितिका पदाधिकारी वा सदस्यलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**५२. सल्लाहकार समिति र बिशेषज्ञ समिति :**

१(क) संस्थाको काम कारवाही र कार्यसमितिको प्रभावकारिता बढाउन सल्लाह, सहयोग र सुझाव लिनका लागि केन्द्रीय कार्यसमितिले सल्लाहकार समिति र बिशेषज्ञ समिति छुट्टा छुट्टै गठन गर्न सक्नेछ र उक्त समितिहरूमा संयोजक, सह–संयोजक र सचिव सहित आवश्यकता अनुसार केन्द्रीय कार्यसमितिले तोके बमोजिमको सदस्य संख्या हुनेछ ।

ख) प्रदेश तथा जिल्ला कार्यसमितिहरूले आवश्यकता अनुसार सल्लाहकार समिति र विशेषज्ञ समिति गठन गर्न सक्नेछ ।

ग) सल्लाहकार समिति र विशेषज्ञ समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

घ) आवश्यकताको आधारमा सल्लाहकार समिति र विशेषज्ञ समितिको संयोजक, सह–संयोजक र सचिव सहितलाई वा संयोजकलाई मात्र सचिवालयको बैठक र केन्द्रीय कार्यसमितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । यी आमन्त्रित सदस्यहरूले केन्द्रीय सचिवालयको बैठक र केन्द्रीय कार्यसमितिको बैठकको निर्णय वा मतदान प्रकृयामा सहभागि हुन पाउने छैन ।

---

३८ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

२. सल्लाहकार समिति र विशेषज्ञ समितिको काम, कर्तब्य एवं कार्यविधि तोकिए बमोजिम हुनेछ । [३९]

**५३. प्रतिनिधित्व :**

१. महिलाहरूको सहभागितालाई बढाउँदै लग्ने उद्देश्यले एशोसिएसनको प्रत्येक क्रियाकलाप एवं परिषद् र कार्यसमितिहरूमा महिलाहरूको प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

**५४. तदर्थ कार्यसमितिको गठनः**

१. यस विधान बमोजिम गठन गरिने परिषद् एवं कार्यसमितिहरूको विधिवत निर्वाचन गरि गठन नहुँदासम्म आवश्यकता अनुसारको संख्या तोकी तदर्थ समिति गठन गर्न सकिनेछ । सो समितिमा केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार सदस्य मनोनित गर्न सक्नेछ ।

**५५. समाहित हुनसक्नेः**

यस एशोसिएसनको उद्देश्यसँग मिल्दो जुल्दो कार्य गर्ने गरि यस एशोसिएसनको कार्यसमिति गठन हुनु अगावै कुनै लेखापरीक्षक संघ वा अन्य कुनै नामवाट कुनै संस्था स्थापना भई कार्य गरि रहेको छ भने त्यस्तो संस्थाका सदस्यहरूले यस एशोसिएसनमा समाहित हुने निर्णय गरेमा उक्त संस्था जिल्ला वा प्रदेश जुन स्तरको छ सोही स्तरमा समाहित गरिनेछ ।

**५६. बचाउः**

१. यो विधान लागु हुनुअघि एशोसिएसनले गरेका सवै काम कारवाही यसै विधान अनुसार गरेको मानिनेछ ।
   जिल्ला तथा प्रदेश कार्यसमितिको विघटन भएको खण्डमा सो कार्यसमितिहरूमा रहेको चल अचल सम्पत्ति स्वत सो भन्दा माथिल्लो कार्यसमिति वा केन्द्रीय कार्यसमितिमा हस्तान्तरण हुनेछ ।

२. यस विधानमा परेका कुराहरू यसै विधान बमोजिम र यसमा नपरेका कुराहरू केन्द्रीय कार्यसमितिको निर्णयानुसार हुनेछ ।

---

३९ : छैटौं राष्ट्रिय महाधिवेशनबाट संशोधन

## अनुसूची १
## (दफा १५ संग सम्बन्धित)

**संगठनात्मक संरचना**

यस संस्थाको संगठनात्मक संरचना देहाय बमोजिम रहनेछ ।

१. राष्ट्रिय महाधिवेशन
२. राष्ट्रिय परिषद्
३. केन्द्रीय कार्यसमिति
४. केन्द्रीय सचिवालय
५. प्रदेश अधिवेशन
६. प्रदेश परिषद्
७ प्रदेश कार्यसमिति
८. प्रदेश सचिवालय
९. जिल्ला अधिवेशन
१०. जिल्ला कार्यसमिति [४०]

## अनुसूची २
## (दफा ७ संग सम्बन्धित)

**प्रतिक चिन्ह र छाप**

ठाडो आकारको चर्तुभुजभित्र लेखापरीक्षकहरूले प्रयोग गर्ने हरियो मसिको पृष्ठभूमीमा सेतो अक्षरमा नेपाल अडिटर्स एशोसिएसनको अंग्रेजी लिपिको ठूलो वर्णको छोटकरी अक्षर ए (A) को प्रतिक र सोहीमा लेखापरीक्षकले लेखापरीक्षण गर्दा लगाउने ठीक चिन्ह (√) को प्रतीक समेत बुझिने चिन्हको तल्लो भागमा अंग्रेजी लिपिको सानो वर्णको अक्षरमा audan लेखिएको यस एशोसिएसनको प्रतिक चिन्ह हुनेछ र उक्त चिन्हको बाहिरी भागमा गोलाकार रूपमा नेपाल अडिटर्स एशोसिएसन–२०६३ वा अंग्रेजीमा Auditors' Association of Nepal – 2063 लेखिएको यस एशोसिएसनको छाप हुनेछ ।

## अनुसूची ३
## (धारा ११ संग सम्बन्धित)

फोटो २ प्रति

श्री अध्यक्षज्यू,                                                    मिति : ..................
नेपाल अडिटर्स एशोसिएसन,
.......................... कार्यसमिति,
.....................................

**विषय : सदस्यता दिलाई पाउँ भन्ने सम्बन्धमा ।**

त्यस एशोसिएसनको साधारण/आजीवन सदस्यताका लागि देहायको विवरण सहित आवेदन गरेको छु । नियमानुसार सदस्यता उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

नाम (देवनागरी लिपिमा)ः
(अंग्रेजीमा)ः
ठेगाना (स्थायी)ः
(अस्थायी)ः
टेलिफोन नं.ः (घर)                    टे.नं. कार्यालय :
मोवाईलः                    ईमेल :
शैक्षिक योग्यताः                    ना.प्र.नं./जिल्ला
पेशाः
चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता नं.
पेशागत प्रमाण पत्र नं.ः                    वर्ग :
फर्म दर्ता नं.ः
फर्मको नामः
पत्राचार गर्ने ठेगानाः
अन्य विवरणः

निवेदक,

हस्ताक्षरः ..............................

नामः ..............................

## अनुसूची–४
## (धारा १३ संग सम्बन्धित)

नेपाल अडिटर्स एशोसिएसन
.............. कार्यसमितिको कार्यालय
.........................................

## सदस्यता प्रमाण-पत्र

सदस्यता नं..........................

श्री/श्रीमती/सुश्री...............................................................................................ले यस नेपाल अडिटर्स एशोसिएसनको विधान, २०६३ को धारा १० बमोजिम साधारण/आजीवन/मानार्थ सदस्यता ग्रहण गर्नु भएकोले यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

(महासचिव) (अध्यक्ष)

नामः नामः

मितिः

अनुसूची–५

(धारा १३ संग सम्बन्धित)

**सदस्य परिचय–पत्र**

नेपाल अडिटर्स एशोसिएसन

..............................कार्यसमितिको कार्यालय

............................................

परिचय पत्र नं.: ..................................................................................

जारी मितिः ..........................................................................................

कायम रहने अवधिः .............................................................................

नामः ......................................................................................................

ठेगाना ....................................................................................................

सदस्यता नं. ...........................................................................................

सदस्यताको किसिम ...............................................................................

नागरिकता नं. .......................................................................................

## अनुसूची–६
## (धारा १४ संग सम्बन्धित)

नेपाल अडिटर्स एशोसिएसन

............................कार्यसमितिको कार्यालय

.......................................

### सदस्यता नवीकरण निस्सा

सदस्यता नं..........

वर्ग.................

लेखापरीक्षक श्री................................................बाट आ.ब...................... को सदस्यता प्रमाण पत्र नवीकरण शुल्क वापत रसिद नं. ...................... बाट ......... वर्षको नियमानुसारको दस्तुर रू ....... प्राप्त भएको हुँदा नेपाल अडिटर्स एशोसिएसनको विधान, २०६३ को धारा १४ बमोजिम .......... आषाढ मसान्त सम्मको लागि उक्त सदस्यता प्रमाण पत्र नवीकरण गरिएको छ ।

आधिकारिक दस्तखत

संस्थाको छाप

मितिः.....................

## अनुसूची ७
## (धारा ४६ संग सम्बन्धित)

नेपाल अडिटर्स एशोसिएसन
............................. कार्यसमिति
.......................................

## शपथ ग्रहण

म.............................................................................................................. .यस एशोसिएसनको......................कार्यसमितिको .................पदमा रही यो शपथ ग्रहण गर्दछु कि यस एशोसिएसनको हितलाई सर्वोपरी मानी यसको विधान प्रस्तावनाको भावना र उद्देश्य अनुरूप संस्थाको गोपनियता कायम राखी इमान्दारीपूर्वक आफ्नो विवेक र क्षमताले भ्याएसम्म लगनशील रही पदीय कर्तव्य पूरा गर्न प्रतिवद्ध रहने छु ।

नाराहरूः
लेखाव्यवसायीहरूको एकता अमर रहोस् ।
सम्पूर्ण पेशाकर्मी एक हौं ।
नेपाल अडिटर्स एशोसिएसन, जिन्दावाद ।

शपथ ग्रहण गर्नेको
नामः ...................................
पदः .....................................
दस्तखतः ..............................

शपथ ग्रहण गराउनेको
नामः ................................
हस्ताक्षरः ...........................

मितिः ..................................